नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
# विद्युत विकास विभाग
## प्रशारण लाइन अनुमतिपत्र शाखा
## सानोगौचरण, काठमाडौं

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

प.सं. :- ०८२/८३
च.नं. :- २३६९

मिति :- वि.सं. २०८३/०२/१९

ने.स. :- ११४६ अनलागा,२ मङ्गलवार

विषयः सेती नदी -३ अर्धाजलाशययुक्त ज.वि.आ. को स्वीचयार्ड — कैलाश सब-स्टेशन सम्म १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे ।

श्री चिलिमे-सेती जलविद्युत कम्पनि लिमिटेड,
महाराजगंज, काठमाडौं ।

प्रस्तुत विषयमा तँहाबाट सेती नदी -३ अर्धाजलाशययुक्त ज.वि.आ. को स्वीचयार्ड — कैलाश सब-स्टेशन सम्म १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले ३५(पैंतिस) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८३/०२/१८ को निर्णयानुसार व्यहोरा अनुरोध छ ।

**तपशिलः**

१. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइनको प्राविधिक विश्लेषण (Voltage Selection, Conductor selection, Power loss, Voltage Regulation etc.) सहितको डेस्क स्टडी प्रतिवेदन।

२. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाहरुको स्पष्ट देखिने विस्तृत विवरण सहितको (Sending end and receiving end ) प्रस्तावित मुख्य र वैकल्पिक लाईन समेत देखिने गरी रेखांकन गरिएको Route Alignment सहितको स्थलरूप टोपोनक्सा।

३. प्रबर्द्धक कम्पनीको संचालक समितिको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा दरखास्त दिने बैठकको निर्णय (प्रमाणित गरिएको) सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना, अख्तियारी प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।

४. Connection Point सम्बन्धि थप स्पष्टीकरण र सो सम्बन्धमा सम्बन्धित निकायसंग भएका (हाल बहाल रहेका) MOU हरुको प्रतिलिपि।

५. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको सर्वेक्षण कार्यको कार्यतालिका।

६. प्रस्तावित जलविद्युत आयोजनाहको विद्युत उत्पादन अनुमतिपत्र श्री चिलिमे-सेती जलविद्युत कम्पनि लिमिटेडको नाममा हस्तान्तरण भएको विवरण तथा कागजातहरु।

७. यस आयोजनाको सर्वेक्षण कार्य प्रबर्द्धक कम्पनी आफैले गर्ने भए उक्त कार्यमा संलग्न प्राविधिकहरुको Biodataतथा परामर्शदातृसंस्थाद्वारा गर्ने हो भने प्रबर्द्धक तथा परामर्शदातृ संस्था बीच सर्वेक्षण कार्यको लागि भएको सम्झौता, परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, प्रबन्धपत्र तथा नियमावली, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

८. Soft Copy (डेस्क स्टडी प्रतिवेदन, प्रसारण लाइनको रुट (.kmz file), etc}।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sabitri Dhamala
sabitridhamala7@gmail.com

(सावित्री धमाला)
इलेक्ट्रीकल ईन्जिनियर